# देवदह नगरपालिका, नगर कार्यपालिकाको २०८३ बैशाख ८ गतेको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेश समपूरक अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/ कार्यक्रमको प्रस्ताव पेश गर्ने । | |
| २ | आ.व. २०८३/८४ का लागि विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/ कार्यक्रमको प्रस्ताव पेश गर्ने । | |
| ३ | देवदह नगरपालिकाको आ.व. २०८२/०८३ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम तथा तेस्रो त्रैमासिक अवधिको प्रगति समीक्षा कार्यक्रम आयोजना गर्ने । | |
| ४ | देवदह नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुका बाल विकास केन्द्र बाहेकका कक्षाहरुलाई समायोजन गर्ने र उक्त विद्यायलमा कार्यरत बाल विकास सहजकर्ता र कार्यालय सहयोगी बाहेकका स्थायी तथा राहत अनुदानका शिक्षकहरुलाई नगरपालिकाले आवश्यक्ता बमोजिम अन्य विद्यालयमा खटाउने र निजी स्रोतका शिक्षकहरुको हकमा करार सम्झौता समाप्त गर्ने । | |
| ५ | वृहत लुम्बिनी क्षेत्र विकास आयोजनाको लागि उप आयोजनाहरु छनौट गरी पठाउने। | |
| ६ | वृहत लुम्बिनी क्षेत्र विकास आयोजना कार्यान्वयनका लागि शहरी विकास तथा भवन निर्माण विभाग कार्यक्रम समन्वय कार्यालयसँग गर्ने सम्झौताको लागि नगरप्रमुख श्री ध्रुव प्रसाद खरेललाई अख्तियारी प्रदान गर्ने । | |
| ७ | देवदह नगर अस्पतालमा कार्यरत कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने । | |